# साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम (प्रथम संशोधन) कार्यविधि, २०७९ – २०८०/०५/०१

**प्रस्तावनाः** यस प्रदेशमा साइलेजको उत्पादन र प्रयोग बढाउन तथा बिक्री वितरण कार्यलाई सहज, व्यवस्थित र पारदर्शी बनाई दूधको उत्पादकत्व अभिवृद्धि गर्न मन्त्रालयले प्रदेश विनियोजन ऐन, २०७९ को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी **"साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९"** बनाई लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क. **"आपूर्तिकर्ता"** भन्नाले यस कार्यविधि अनुरुप सूचीकृत भएका साइलेज उत्पादन तथा वितरण गर्ने संस्थालाई सम्झनु पर्छ ।

ख. **"आवेदक"** भन्नाले यस कार्यविधि एवं सार्वजनिक सूचना बमोजिम कार्यक्रममा प्रस्ताव पेश गर्न योग्य सहकारी संस्था/ कृषक समूह/ निजी फार्म सम्झनु पर्छ ।

ग. **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

घ. **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

ङ. **"बोर्ड"** भन्नाले प्रदेश दुग्ध विकास बोर्ड, बागमती प्रदेश सम्झनु पर्छ ।

च. **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

छ. **"साझेदार संस्था"** भन्नाले कार्यक्रम सञ्चालनको लागि छनौट भई बोर्डसँग सम्झौता गरेका सहकारी संस्था/ कृषक समूह/ निजी फर्म सम्झनु पर्छ ।

ज. *"**सहकारी संस्था**" भन्नाले स्वंयमले गाईभैंसी फर्म सञ्चालन गरी दूध उत्पादन गर्ने सहकारी संस्थालाई सम्झनु पर्दछ।

झ. *"**कृषक समूह**" भन्नाले सम्बन्धित निकायमा दर्ता भई गाईभैंसीपालन गरिरहेको समूहलाई सम्झनु पर्दछ।

ञ. *"**प्रयोगशाला**" भन्नाले राष्ट्रिय पशु आहारा तथा लाईभस्टक गुण व्यवस्थापन प्रयोगशाला, हरिहरभवन, ललितपुरलाई सम्झनु पर्दछ।

---

*प्रथम संशोधनद्वारा थप गरिएको

डा. शरण कुमार पाण्डे
सचिव

३. <u>उद्देश्यः</u> यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

क. पशु आहाराको अभाव हुने समयमा कृषकहरुको साइलेजमा पहुँच बढाई पशु उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने,

ख. दूध तथा दुग्धजन्य पदार्थको उत्पादन लागत कम गर्ने,

ग. साइलेजको उत्पादन र खपत बढाई बजारीकरणमा सहयोग पुऱ्याउने ।

## परिच्छेद-२

## संस्थागत व्यवस्था

४. <u>मुल्याङ्कन समितिः</u> (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतिका लागि सिफारिस गर्न सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिम मूल्याङ्कन समिति रहनेछ ।

(२) उपदफा (१) अनुसार गठित समितिले आवश्यक ठानेमा बढीमा २(दुई) जना सम्म विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

५. <u>अनुगमन तथा मुल्याङ्कनः</u> (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय र प्रदेश दुग्ध विकास बोर्डले गर्नेछ ।

## परिच्छेद -३

## कार्यक्रम सञ्चालन प्रक्रिया

६. <u>कार्यक्रम सञ्चालनः</u> (१) यस कार्यक्रम बागमती प्रदेशका सबै जिल्लामा लागू हुनेछ ।

| क.स. | कार्यक्रम विवरण | कार्यक्रम सञ्चालन हुने जिल्ला | इकाई | प्रोत्साहन | साइलेज परिमाण | अधिकतम प्रोत्साहन रकम रु प्रति फार्म |
|---|---|---|---|---|---|---|
| १ | साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम | बागमती प्रदेशका सबै जिल्ला | के.जी. | ▲प्रति के.जी बढीमा रु. ७ को दरले ३ महिनाको लागि प्रति गाई/भैंसी बढीमा जम्मा १ मे.टन. | ▲बढीमा १०० मे.टन प्रति साझेदार संस्था | ▲बढीमा ७ लाख रुपैंया प्रति साझेदार संस्था |

७. <u>सुचना प्रकाशनः</u> (१)▲बोर्डले राष्ट्रिय दैनिक पत्रिकामा चालु आ.व. मा साइलेज आपूर्ति गर्न इच्छुक दर्तावाल साईलेज आपूर्तिकर्ताहरुको लागि साईलेज आपूर्तिकर्ताको सूचीकरण गर्ने सम्बन्धमा अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गर्ने छ।

---

▲प्रथम संशोधनद्वारा संशोधित

डा. शरण कुमार पाण्डे
सचिव

(२) बोर्डले राष्ट्रिय दैनिक पत्रिकामा (एक्काईस) दिनको म्याद राखी साइलेज खरिद गर्न चाहने सहकारी संस्था/ कृषक समूह/ निजी फार्मबाट प्रस्ताव लिने सम्बन्धमा अनुसूची-२ बमोजिमको सूचना प्रकाशन गर्नेछ । ▲पहिलो पटकको सूचना अनुसार वार्षिक स्वीकृत कार्यक्रमको लक्ष्य बमोजिम प्रस्ताव पेश नभएमा ७(सात) दिनको समय सीमा राखी एक पटकको लागि पुनः प्रस्ताव आह्वान सम्बन्धी सूचना प्रकाशन गरिनेछ।

८. <u>सूचीकृत हुनु पर्नेः</u> (१) दफा ७ को उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसार कार्यक्रममा सहभागी हुन इच्छुक आपूर्तिकर्ताले सूचनामा उल्लेखित कागजातहरु सहित बोर्डमा सूचीकृत हुन अनुसूची-३ बमोजिमको ढाँचामा आवेदन पेश गर्नु पर्नेछ ।

(२) ▲ आपूर्तिकर्ताले सूचिकृत गर्दा सूचनामा माग गरिएका कागजातका साथै प्रयोगशालाबाट अनुसूची-४ मा उल्लेखित साईलेजको मापदण्ड तथा गुणस्तरको पछिलो ३ (तिन) महिना भित्रको प्रमाणपत्र पेश गर्नु पर्नेछ।

(३) ▲ उपदफा (२) बमोजिम सूचीकृत हुने आपूर्तिकर्ताले सूचीकृत भएको मितिले प्रत्येक तीन महिनामा प्रयोगशालाबाट अनुसूची-४ बमोजिमको साइलेजको मापदण्ड तथा गुणस्तरको प्रमाणपत्र पेश गर्नु पर्नेछ।

(४)* दफा ७ को उपदफा १ बमोजिम प्रकाशित सूचना अनुसार साइलेज उत्पादकहरूबाट प्राप्त आवेदनहरूको आवश्यकता अनुसार अनुगमन गरी उपयुक्त रहेमा बोर्डले साईलेज आपूर्तीकर्ताहरुको सूची तयार गरि वेवसाईट मार्फत सार्वजनिक गर्नेछ।

९. <u>आवेदन पेश गर्नेः</u> (१) दफा ७ को उपदफा (२) बमोजिम प्रकाशित सूचना अनुसार आवेदकले आवश्यक कागजात तथा अनुसूची-६ अनुसारको संक्षिप्त कार्य योजना सहित अनुसुची-५ बमोजिमको ढाँचामा आवेदन बोर्ड वा बोर्डले तोकेको कार्यालयमा पेश गर्नु पर्नेछ।

(२) नेपालमा उत्पादित साइलेजलाई मात्र यस कार्यक्रममा समावेश गरिने छ ।

(३) आपूर्तिकर्ताले सूचीकृत गर्दा आफुले उत्पादन गर्ने #............., प्रति इकाई मूल्य, कम्पनीको शाखा/बिक्री कार्यालयहरु र सो आर्थिक वर्षमा उपलब्ध गराउन सक्ने परिमाण उल्लेख गर्नु पर्नेछ।

(४) ▲ साइलेजको उत्पादन मिति (Manufacturing date), प्याकेजिङ्ग मिति (Packaging Date), व्याच नम्बर, साइलेज प्याकेज तौल (के.जी.) तथा साइलेजमा रहेको पोषण तत्वको मात्रा प्रत्येक प्याकेटमा प्रष्ट रुपमा देखिने गरी उल्लेख भएको हुनु पर्नेछ ।

१०. <u>आवेदकको छनौट र कार्यक्रम कार्यान्वयन सम्झौताः</u> (१) दफा ४ बमोजिम गठित मूल्याङ्कन समितिले मापदण्ड पुरा गरेका आवेदकहरूलाई छनौट गर्नेछ ।

(२) छनौट भएका आवेदकले सूचना प्रकाशनको मितिले १५ दिन भित्र सम्झौताको लागि बोर्डमा सम्पर्क गर्नु पर्नेछ ।

---

▲प्रथम संशोधनद्वारा संशोधित

#प्रथम संशोधनद्वारा झिकिएको

* प्रथम संशोधनद्वारा थप गरिएको



डा. शरण कुमार पाण्डे
सचिव

(३) छनौट भएका आवेदकहरुसँग बोर्डले सम्झौता गर्नेछ ।

(४) गाई/भैंसीको संख्याका आधारमा साझेदार संस्थालाई दैनिक आवश्यक पर्ने साइलेजको परिमाण बोर्डले निर्धारण गर्नेछ ।

(५) साझेदार संस्थाले बोर्डमा सूचीकृत भएका आपुर्तिकर्ताहरु मध्येबाट साइलेज खरिद गर्नु पर्नेछ ।

(६)* आपूर्तिकर्ताले प्याकेजिङ्ग गरेको ३० दिन पछिमात्र साइलेज विक्री गर्न सक्नेछ।

११. <u>मासिक प्रतिवेदन पेश गर्नु पर्नेः</u> ▲आपूर्तिकर्ताले प्रत्येक महिना आफूले उत्पादन र बिक्री वितरण गरेको साइलेजको विवरण बोर्डलाई पेश गर्नु पर्नेछ ।

## परिच्छेद -४
## आर्थिक पक्ष

१२. ▲ बोर्डले विनियोजित बजेटको अधीनमा रही प्रोत्साहन रकम प्रति के.जी बढीमा रु. ७(सात) को दरले ३ (तिन) महिनाको लागि खरिद गर्न साझेदार संस्थालाई उपलब्ध गराउनेछ। #..................................

१३. साझेदार संस्थाले भुक्तानीका लागि साइलेज खरिदको प्रमाण र बैंक कारोबारको प्रतिलिपी, अनुसूची-७ बमोजिमको विवरण तथा सम्झौता अनुसारका कागजात पेश गरी भुक्तानीको लागि निवेदन दिनु पर्नेछ ।

१४. बोर्डले प्राप्त बिल भर्पाईको चेकजाँच गरी आवश्यकता अनुसार स्थलगत अनुगमन गरी नियमानुसार भुक्तानी दिनेछ ।

१५. कार्यक्रम बजेटको दुई प्रतिशत कन्टिन्जेन्सी बापत कट्टा गरिनेछ र सो रकम बैठक, अनुगमन, निरीक्षण, इन्धन, आदि कार्यमा खर्च गर्न सकिनेछ ।

## परिच्छेद -५
## मापदण्डका आधारहरु

१६. इच्छुक आवेदकहरुले यस कार्यविधि अनुसार प्रोत्साहन रकम पाउन देहाय बमोजिमको मापदण्ड पालना गरेको हुनुपर्नेछः-

क. आवेदकले सबै गाई/ भैंसीको अनिवार्य बीमा गरेको हुनु पर्नेछ।

ख. आवेदक सम्बन्धित निकायमा दर्ता भएको, स्थायी लेखा नम्बर प्राप्त गरेको र नियमानुसार नवीकरण, कर चुक्ता गरेको हुनु पर्नेछ।

ग. जैविक सुरक्षा सम्बन्धी नियमहरु पालना गर्ने प्रतिवद्धता गर्नु पर्नेछ ।

---

▲प्रथम संशोधनद्वारा संशोधित
#प्रथम संशोधनद्वारा झिकिएको
*प्रथम संशोधनद्वारा थप गरिएको



डा. शरण कुमार पाण्डे
सचिव

## परिच्छेद -६
## विविध

१७. **कारबाहीको व्यवस्था:** (१) सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई मन्त्रालय, बोर्डले प्रचलित कानून बमोजिम कारवाही गर्नेछ ।

(२)साझेदार संस्थाले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा प्रोत्साहन रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ।

(३)*आपूर्तिकर्ताले बोर्डलाई दफा ८ को उपदफा ३ र दफा ११ मा भएको व्यबस्था बमोजिमको प्रमाण तथा विवरण उपलब्ध नगराएमा वा यस कार्यविधि अनुरुप कार्य नगरेमा बोर्डले सूचिकरण रद्द गर्न सक्नेछ।

१८. **बाधा अड्चन फुकाउने:** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१९. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका विषय प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम हुनेछ ।

---

*प्रथम संशोधनद्वारा थप गरिएको

डा. शरण कुमार पाण्डे
सचिव

अनुसूची-१

(दफा-७ को उपदफा (१) सँग सम्बन्धित)

<u>साइलेज आपूर्तिकर्ता सूचीकरण सम्बन्धी सूचना</u>

प्रथम पटक प्रकाशित मिति : ... ... ... ... ...

▲प्रदेश दुग्ध विकास बोर्ड बागमती प्रदेशको आ.व. ........ स्वीकृत वार्षिक कार्यक्रम अनुसार "साईलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम" अन्तर्गत छनौट भएका साझेदार संस्थाहरुलाई साईलेज विक्री गर्न ईच्छुक तथा साईलेज विक्री वितरण गर्ने अनुमती प्राप्त संस्थाहरुले सूचिकरण गर्न " साईलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७९ को व्यवस्था बमोजिम तपसिलका कागजात सहित प्रदेश दुग्ध विकास बोर्डमा प्रस्ताव पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>पेश गर्नुपर्ने कागजातहरुको विवरणः</u>

१. रु. १०।- को हुलाक टिकट टाँस गरेको निवेदन,
२. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि,
३. संस्था नवीकरणको प्रमाणको प्रतिलिपि,
४. प्यान दर्ताको प्रतिलिपि,
५. कर चुक्ता प्रमाण पत्र,
६. ▲ अनुसूची-४ बमोजिमको साइलेजको मापदण्ड तथा गुणस्तर पूरा गरेको राष्ट्रिय पशु आहारा तथा लाईभस्टक गुण व्यवस्थापन प्रयोगशाला, हरिहरभवन, ललितपुरबाट प्राप्त प्रमाण-पत्र,
७. अन्य सम्बन्धित कागजातहरु

---
▲प्रथम संशोधनद्वारा संशोधन गरिएको

डा. शरण कुमार पाण्डे
सचिव

अनुसूची-२

(दफा-७ को उपदफा (२) सँग सम्बन्धित)

<u>आवेदन आह्वानको सूचना</u>

**प्रथम पटक प्रकाशित मिति : ... ... ... ... ...**

प्रदेश दुग्ध विकास बोर्ड बागमती प्रदेश, हेटौंडाको आ.व. ... ... ... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९" अनुसार साइलेज खरिद गर्न बागमती प्रदेशका सहकारी संस्था/ कृषक समूह/ निजी फार्मले यो सूचना प्रकाशित भएको मितिले एक्काइस दिनभित्र ... ... ...*(आवेदन दर्ता गरिने कार्यालयको नाम)* ... ... ...देहाय बमोजिमका कागजात सहित आवेदन दिन हुन यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

<u>पेश गर्नुपर्ने कागजातहरुको विवरण:</u>

(१) रु. १०।- को हुलाक टिकट टाँस गरेको निवेदन,
(२) संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि,
(३) संस्था नविकरणको प्रमाणको प्रतिलिपि,
(४) प्यान प्रमाण पत्रको प्रतिलिपि,
(५) गत आ.व. को कर चुक्ता प्रमाण पत्र,
(६) दूध उत्पादनको परिमाण खुल्ने प्रमाण पत्र,
(७) मौजुदा गाई/ भैंसीको संख्या (फोटो सहित) ।
(८) * गाईभैंसीको बीमा गरेको बीमालेखको प्रतिलिपी।

*प्रथम संशोधनद्वारा थप गरिएको

डा. शरण कुमार पाण्डे
सचिव

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-३
(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)
आवेदन-पत्र

मितिः

श्रीमान् निर्देशक ज्यू,
प्रदेश दुग्ध विकास बोर्ड,
... ... ... ... ... ... ... ।

**विषयः** सूचीकृत हुन पाऊँ ।

प्रस्तुत विषयमा प्रदेश दुग्ध विकास बोर्ड, बागमती प्रदेशको मिति ... ... ... ... ... ... ... मा ... ... ... ... ... ... ... पत्रिकामा प्रकाशित सूचना अनुसार बोर्डको आ.व ... ... ... ... को स्वीकृत कार्यक्रम **साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम** का लागि छनौट भएका साझेदार संस्थाहरुलाई साइलेज विक्री वितरण गर्न यो संस्था इच्छुक भएकाले तपसिल बमोजिमका कागजातहरु संलग्न राखी सूचीकृत हुन पाउँ भनी सविनय यो निवेदन पेश गरेको छु ।

तपशिलः

(१) ... ... ... ... ... ... ...
(२) ... ... ... ... ... ... ...
(३) ... ... ... ... ... ... ...

आवेदकः

दस्तखतः

नामः

पदः

सम्पर्क नम्बरः

संस्थाको नामः

संस्थाको छापः

डा. शरण कुमार पाण्डे
सचिव

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-४

(दफा-८ को उपदफा (२) सँग सम्बन्धित)

## साइलेजको मापदण्ड तथा गुणस्तर

| क.सं. | मापदण्ड | अङ्क/गुण |
|---|---|---|
| १ | पि.एच. (pH) | अधिकतम ४.५ |
| २ | रङ्ग (Color) | Greenish Yellow |
| ३ | जलांश (Moisture) | ▲अधिकतम ७०% |

▲प्रथम संशोधनद्वारा संशोधन गरिएको

डा. शरण कुमार पाण्डे
सचिव

बागमती प्रदेश सरकार
भूमि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची-५

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

आवेदन -पत्र

मितिः

श्रीमान् निर्देशक ज्यू,
प्रदेश दुग्ध विकास बोर्ड,
... ... ... ... ... ... ...।

**विषयः** साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रममा सहभागी हुन पाऊँ ।

प्रस्तुत विषयमा यस प्रदेश दुग्ध विकास बोर्डले गर्न लागेको **साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९"** अनुसार मिति ... ... ... ... ... ... ... गते ... ... ... ... ... ... मा प्रकाशन गरिएको सूचनाको आधारमा साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम उपलब्ध गराई पाउनका लागि यो निवेदन पेश गरेको छु ।

आवेदक

दस्तखतः

आवेदकको नामः

सम्पर्क नम्बरः

संस्थाको नामः

पदः

संस्थाको छापः

डा. शरण कुमार पाण्डे
सचिव

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-६

(दफा ९(१) सँग सम्बन्धित)

संक्षिप्त कार्य योजना

| क्र.स. | फार्मको नाम | हाल मौजुदा दुहुना गाई/भैंसीको संख्या | दैनिक औषत दूध उत्पादन (लि) | आवश्यक साइलेज (के.जी.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आवेदक

नामः

ठेगानाः

पदः

सम्पर्क नम्बरः

संस्थाको छापः

डा. शरण कुमार पाण्डे
सचिव

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-७

(दफा १३ सँग सम्बन्धित)

<u>भुक्तानीका लागी साझेदार संस्थाले पेश गर्नु पर्ने विवरण</u>

| क्र. सं. | आपूर्तिकर्ताको नाम | साइलेज खरिद मिति | साइलेज खरिद परिमाण (के.जी.) | साइलेज खुवाउनु भन्दा अगाडिको दूध उत्पादन (लि) | साइलेज खुवाए पछिको दूध उत्पादन (लि) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**<u>नोटः</u>** *साझेदार संस्थाले साइलेज खरिद बैंक कारोबारबाट गर्नु पर्नेछ र भुक्तानीका लागि सो को विवरण, कार्यक्रम सञ्चालन पछिको दूध उत्पादनमा वृद्धिको प्रमाण प्रदेश दुग्ध विकास बोर्डमा पेश गर्नु पर्नेछ ।*

डा. शरण कुमार पाण्डे
सचिव